बैठक संख्या ७

आज मिति २०८२/०९/०४ गते शुक्रवारका दिन ~~बजे~~ यस आ.व. २०८२/०८३ अन्तर्गत रामपुर नगर कार्यपालिकाको सातौं कार्यपालिका बैठक नगर प्रमुख श्री रमण बहादुर थापाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा तपसिल अनुसारको निर्णय गरियो।

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रमण वहादुर थापा | नगर प्रमुख | |
| २. | श्री बाल कुमारी थापा | नगर उप-प्रमुख | |
| ३. | श्री कपिल बहादुर खाँण | नगर प्रवक्ता/वडाध्यक्ष | |
| ४. | श्री कृष्ण बहादुर दर्जी | वडाध्यक्ष | |
| ५. | श्री दामोदर पाठक | वडाध्यक्ष | |
| ६. | श्री राम बहादुर राना | वडाध्यक्ष | |
| ७. | श्री दुर्गा प्रसाद पोखेल | वडाध्यक्ष | |
| ८. | श्री दिवाकर देवकोटा | वडाध्यक्ष | |
| ९. | श्री दोवराज तिवारी | वडाध्यक्ष | |
| १०. | श्री दिनेश आचार्य | वडाध्यक्ष | |
| ११. | श्री डिल वहादुर राना | वडाध्यक्ष | |
| १२. | श्री तोयानाथ सारु थापा | वडाध्यक्ष | |
| १३. | श्री देवका पोखेल | कार्यपालिका सदस्य | |
| १४. | श्री सीमा देवि थापा | कार्यपालिका सदस्य | |
| १५. | श्री माया देवी नेपाली | कार्यपालिका सदस्य | |
| १६. | श्री शारदा आचार्य | कार्यपालिका सदस्य | |
| १७. | श्री दुर्गा देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १८. | श्री गोपाल कुमाल | कार्यपालिका सदस्य | |
| १९. | श्री यम वहादुर भुजेल घर्ती | कार्यपालिका सदस्य | |
| २०. | श्री भविश्वर कुमाल | कार्यपालिका सदस्य | |
| २१. | सुर्य दर्शन पण्डित | सदस्य सचिव | |

रामपुर नगरपालिकाको आ.व. २०८२/०८३ को सातौ कार्यपालिकाको बैठकको

प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा ।

२. अठारौ नगरसभा संचालन सम्बन्धमा ।

३. विविध

निर्णयहरु

१. निर्णय नं.१, प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०८२/०८/२३ गते बसेको छैटौ कार्यपालिका बैठकको समिक्षा तपसिल बमोजिम गरियो ।

क) समाजमा योगदान दिएका ज्येष्ठ नागरिकहरूलाई सम्मान गर्दै शैक्षिक, सांस्कृतिक, मानसिक तथा सामाजिक सशक्तिकरणमा सहयोग पुऱ्याउने उद्देश्यले रामपुर नगरपालिका अन्तर्गत स्थापना गरिएको 'रामपुर ज्येष्ठ नागरिक स्कुल' मिति २०८२/०८/२४ गतेबाट औपचारिक रुपमा संचालनमा ल्याइएको साथै उक्त अवसरमा परमपूजनीय दार्शनिक गुरु डा. योगी विकासानन्दज्यूबाट मिति २०८२/०८/२५ गते देखि २०८२/०८/२७ गते सम्म शारीरिक, मानसिक तथा आध्यात्म सम्बन्धी ३ दिवसीय आत्मजागरण कार्यक्रम सोहि स्थानमा सञ्चालन गरिएको ।

ख) यस रामपुर नगरपालिकालाई आई.एस.ओ. मान्यता प्राप्त नगरपालिकाको रुपमा घोषणा गर्ने कार्यका लागि विभिन्न निर्णयहरु गरिएको ।

ग) पाल्पा जिल्ला, रामपुर नगरपालिका वडा नं. ४ अन्तर्गत मौलाथर लिफ्टिङ्ग खानेपानी व्यवस्थापनका लागि लागत अनुमान अनुसारको बजेट विनियोजन नगर स्तरीय खानेपानी व्यवस्थापन शीर्षकबाट कट्टा हुने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

घ) माथि उल्लेखित लगायत विभिन्न विषयहरुमा निर्णय गरिएको ।

२. निर्णय नं. २, प्रस्ताव नं. २ माथि छलफल गर्दा रामपुर नगरपालिका नगर सभाको १८ औ अधिवेशन मिति २०८२/०९/२० गते सञ्चालन गर्ने र सो अवसरमा नगर सभामा वडाबाट प्राप्त हुन आएका र नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका रकमान्तर, शिर्षकान्तर, ऐन, नियम पेश लगायत विभिन्न विषयहरु समावेश गर्ने निर्णय गरियो ।

३. निर्णय नं. ३, प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिल बमोजिमको विवरण भएका व्यक्तिलाई तपसिल बमोजिमको शिर्षकबाट कट्टा हुने गरी सहयोग गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | नामथर | वडा नं. | विवरण | राहत लिएको रकम | शिर्षक |
|---|---|---|---|---|---|
| १. | ज्ञान कुमारी परियार | रा.न.पा-१० | निजको पति दिपिन परियारको मृत्यु भएको घर आर्थिक अवस्था कमजोर | रु १०,०००/-( दश हजार मात्र) | विपद व्यवस्थापन कोष शिर्षक |
| २. | निलकण्ठ कुमाल | रा.न.पा-१० | निजको छोरी एलिसा कुमाल बिरामी भई उपचाररत | रु १५,०००/- (रु पन्ध्र हजार मात्र) | विपद व्यवस्थापन कोष शिर्षक |
| ३. | सुर्य बहादुर थापा | रा.न.पा-१ | निजको श्रीमती सान्ती थापाको मृत्यु भएको काजक्रिया खर्च | रु १०,०००/- (रु दश हजार मात्र) | विपद व्यवस्थापन कोष शिर्षक |
| ४. | सुदिप सिंह ठकुरी | रा.न.पा-१ | हरिचन्द्र बहुउद्धेश्यीय कृषि तथा पशुपंछी फर्म मार्फत बाखा पाल्दै आइरहेकोमा चराउन लैजादा बाघले बाखा खाएको | रु ७,०००/- (रु सात हजार मात्र) | विपद व्यवस्थापन कोष शिर्षक |
| ५. | अरुण ज्ञवाली | मूल तयारी समिति संयोजक, मानव अधिकार तथा शान्ति समाज, पाल्पा शाखा | मिति २०८२ पौष १८ र १९ गते तानसेन, पाल्पामा नागरिक आकांक्षा, नागरिक स्वतन्त्रता र नागरिक सर्वोच्चता विषयक दुई दिने सम्मेलन गर्न लागेको | रु ५०,०००/- (रु पचास हजार मात्र) | विविध खर्च शीर्षक |
| ६. | श्री राधा घनश्याम मन्दिर तथा गौशला | रा.न.पा-३ | उक्त गौशलामा तारवार र कुटानी पिसानी मिल बनाउन | रु २५,०००/-(रु पच्चिस हजार मात्र) | विविध खर्च शीर्षक |